# टेम्केमैयुङ गाउँपालिकाको गाँउसभामा प्रस्तुत

## आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

### टेम्केमैयुङ गाँउपालिकाको गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ का लागि वार्षिक नीति तथा कार्यक्रम :

गाँउसभाका उपाध्यक्ष ज्यू,

सम्पूर्ण गाँउसभाका सदस्यज्यूहरु,

गाउँसभाका सचिव तथा सम्पूर्ण कर्मचारीहरु !

टेम्केमैयुङ गाउँपालिकाको आ.व. ०८१/८२ को नीति तथा कार्यक्रम स्थानीय तहको ~~पन्ध्रौं~~ १६ औं गाउँसभाको अधिवेशनमा यहाँहरु समक्ष पेश गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ ।

उपाध्यक्ष महोदय,

सबै गाँउ सभा सदस्यज्यूहरु,

सर्वप्रथमत म विभिन्न कालखण्डमा देश र जनताको भलाइका लागिविभिन्न लोकतान्त्रिक जनआन्दोलनहरुमा सहादत्त प्राप्त गर्नुहुने ज्ञात-अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

हामी नेपालको संविधानले अवलम्वन गरेको३ तहको संघीय शासन प्रणाली अभ्यासमा रहेका छौ । नेपालको संविधानले परिकल्पना गरेको सहकारिता, समन्वय र सह-अस्थित्वपूर्ण शासकीय व्यवस्थालाई आत्मसाथ गर्दै समतामूलक र समावेशि विकास, समृद्धि र सुशासनको पक्षमा ३ वटे सरकारले मिलेर कार्य गर्नु आजको प्रमख आवश्यकता रहेको छ ।

स्थानीय तहको दोस्रो निर्वाचनपछि सार्वभौम नागरिकको विकासप्रतिको असीमित चाहनालाई सीमित स्रोत साधनको विवेकपूर्ण र न्यायोचित वितरणको माध्यमवाट परिपूर्ति गर्ने आत्मविश्वासका साथ आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि सहंयोग गर्नुहुने गाउँसभा सदस्य, गाउँवासीहरु,गाउँपालिकामा कार्यरत कर्मचारी लगायत सम्वद्ध सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हामीलाई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्यशक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकार आभास गराउने अभ्यासको अवसरकोरुपमा पन्ध्रौं अधिवेशनमा हामी उपस्थित भएका छौं ।

उपस्थित गाउँसभा सदस्यज्यू हरु,

हामी नागरिकहरुको आकांक्षा र गाउपालिकावासींको सम्वृद्धिका लागि निर्वाचित प्रतिनिधिहरुको प्रतिवद्धता कार्यान्वयनको दोस्रो कार्यकाल पार गरी तेस्रोकार्यकालमा प्रवेशगरि दुई वर्ष व्यतित पनि गरिसकेकाछौं । संविधानले स्थानीय तहलाई प्रदान गरेका एकल अधिकार कार्यान्वयनका लागि आवश्यककानुन निर्माण तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा संघ र प्रदेशसँग समन्वय गरी नवाझिने गरि ऐन, कानूनको निर्माण र नागरिकको विकासको चाहनालाई समानान्तर रुपमा अघि बढाउदै लानु परेको छ । यसैगरी गाउँ वासी आम नागरिकको अपेक्षा र चाहाना अनुरुप समग्र गाउँकोसान्ति, विकास र समृद्धि तर्फकोयात्रा द्रुत गतमिा तय गर्नुपर्ने चुनौतीपूर्ण अवस्थामा छौं ।

संविधान प्रदत्त स्थानीय तहको व्यापक क्षेत्राधिकार भएको, बलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियामा आईपरेका चुनौतीहरुको सहज व्यवस्थापनको लागि आवश्यक कानूनी तथा प्रशासनिक पुर्वाधारहरुको निर्माण र कार्यान्वयनमा सावधानीपूर्वक अघि बढाउदै जानु परेको छ ।

देसको अर्थतन्त्रमा देखापरेको मन्दिले समग्र आर्थिक, सामाजिक, राजनितीक क्षेत्रमा समेत यसको प्रभाव परेको छ । चालु आ.व. मा वित्तीय सामानिकरणको अन्तिम किस्ताकटौती भएको र आगामि आ.व. मा संघिय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको परिमाणको समेत गत आ.व. भन्दा घटेर प्राप्त भएकाले टेम्केमैयुङबासी आम नागरिकरुको विकास प्रतिको असिमीत चाहाना र श्रोत वीच तालमेल मिलाउन निकै चुनौतिपूर्ण देखिन्छ ।

अध्यक्षमहोदय,
सबै गाँउ सभा सदस्यज्यूहरु,

स्थानीय सरकार सञ्चालन ऐनले दिएको व्यवस्था वमोजिम यस पालिकाको ७ वर्षको अभ्यास र अनुभव पछिको समयमा हामी यहाँ दोस्रो कार्यकालको वागडोर सम्हाली उपस्थित भएका छौं । यस बीचमा गाउँपालिकाको पहिलो कार्यकालमा गाउँपालिकाको सबै वडा केन्द्रहरु जोड्ने तिम्माको तीनभंगाले देखि लेखर्कको कपासे सडकको ट्र्याक ओपन गरेदखि यस वर्ष सम्म करिव ८ किलोमिटर ग्राभेल गरिएको २५ कि मी सडक ट्र्याक ओपन गरिसकेको र अन्य सडक करिव १२० कि मी स्तरोन्नती भई सकेको देखिन्छ । स्वीस सरकार, प्रदेश सरकार, संघीय सरकार र यस गाउंपालिकाको साझेदारीमा साना सिचाई कार्यक्रम अन्तर्गत हाम्रो कार्यकालमा हाल सम्म १४ वटा सिचाई योजना सझौता भई करिव रु ५ करोड ६७ लाख लागतमा कार्य सम्पन्न भएको देखिन्छ । र आगामी वर्षको लागि ५ वटा योजना निर्माण कार्य संचालन हुने अवस्थामा रहेका छन । त्यसै गरेर वडा नं ७ र ८ गोगने जोड्ने मोटरेवल पुल करिव रु ३ करोड ७२ लाखमा निर्माण कार्य सम्पन्न भएको छ । एव वडा नं ४ मा निर्माणधिन भएको पर्यटन सुचना केन्द्र २ वर्षको अवधिमा करिव रु १ करोड १६ लाख लागतको कार्य सम्पन्न अन्तिम चरणमा पुगेको छ । पहिलो जनप्रतिनिधी हरुको कार्यकालमा सूरुवात गरिएको मुन्दुम पदर्माग निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा थप निमार्ण र पुननिमार्ण कार्यका लागि १ करोड ८० लाखको वजेट विनियोजन भै आएको छ । साथै सोही पदमार्गको प्रवद्धन र व्यवस्थापनका लागि रु १० लाख पचास हजार समेत विनियोजन भएको छ ।

आजसम्म स्थानीय सरकार सञ्चालन ऐनको अभ्यास गर्दा जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दलका प्रतिनिधी, नागरिक समाजका प्रतिनिधी, शिक्षक, विद्यार्थी, पत्रकार, उद्योगी-

व्यवसायी र स्थानीय सर्वसाधारणहरुले पुर्याएको सहयोगप्रति सबैमा हृदयदेखि नै धन्यबाद दिन चाहन्छौ । आगामी दिनमा पनि गाउँपालिकाले गर्ने काममा यस्तै सहयोग, सुझाब, चासो, चिन्ता र खबरदारीको अपेक्षा राख्दछौं ।

विभिन्न समयमा निम्तिएको प्राकृतिक विपत्ति(बाढीपहिरो,चटयाङ) ले विकास निर्माणका कार्यमा थप चुनौति सिर्जना गरेको छ। यसका निम्तिविपत्ति तथा महामारीको पूर्व आंकलन गर्दै त्यसको पूर्व तयारी गर्नमा पनि यस गाउँपालिका केन्द्रित रहनेछ । यसका लागि सम्पूर्ण टेम्केमैयुङ गाउँपालिकावासीको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा राखेका छौं ।

यस नीति तथा कार्यक्रमको पहिलो र एकमात्र उदेश्य भनेको शासन, विकास र सेवा प्रवाहमा गुणस्तरियता तथा सबैको समतामूलक पहुचँ नै हो त्यसको लागिआगामीआ. ब. २०८१-८२ को लागि संघीयसरकार र प्रदेश प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत देहाय बमोजिम बजेट प्राप्त भएको छ । उक्त बजेट रकमलाई गाँउपालिका र वडाकोलागि छुट्टा छुट्टै बजेट सिलिङ तयार भएको र वडाहरुबाट आयोजना तथा कार्यक्रमहरु छनौट भैसकेको छ ।उत्पादन र रोजगारसँग जोडिएका आयोजना तथा कार्यक्रमहरुलाई प्रमुख प्राथमिकतामा राखी बजेट विनियोजन गरिएको छ र आगामी दिनमा विकास योजना र कार्यक्रमहरु संचालनमा थप प्रभावकारिता ल्याउनको लागि सोही बमोजिमको निति तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

देहाय :

| क्र.सं. | शिर्षक नं. | श्रोत | बजेट |
|---|---|---|---|
| १ | | सघींय वित्तिय समानिकरण | ८,५०,००,००० (आठ करोड पचास लाख) |
| २ | | सघींय राजस्व बाँडफाँड | ८,७३,९९,९९९(आठ करोड तिरत्तर लाख उनान्सय हजार नौ सय उनान्सय) |
| ३ | | संघीय सशर्त अनुदान | २९,५७,६६,०००(उनन्तिस करोड सन्ताउन्न लाख छैसठी हजार |
| ४ | | संघीय समपुरक | ० |
| ५ | | संघीय विशेष अनुदान | ९०,००,०००(नब्बे लाख) |
| ६ | | प्रदेश वित्तिय समानिकरण | ५०५६०००(पचास लाख |

| | | | |
|---|---|---|---|
| | | | छपन्न हजार) |
| ७ | | प्रदेश राजस्व (सवारीसाधनकर) | ३७५००००(सैतिस लाख पचत्तर हजार) |
| ८ | | प्रदेश सशर्त अनुदान | १९०९७०००(एक करोड नब्बे लाख सन्तानब्बे हजार) |
| ९ | | प्रदेश समपुरक अनुदान | १००००००० (एक करोड) |
| १० | | आन्तरिक आम्दानी | ५०,५०,०००(पचास लाख पचास हजार) |
| ११ | | चालु आवमा मौज्दात भई आगामी आ व मा सञ्चितकोषमा रहने रकम (अल्या अनुमानित) | ८६०००००(छियासी लाख) |
| | | जम्मा- | ५२,८७,१८,९९९(बाउन्न करोड सतासी लाख अठार हजार नौ सय उनान्सय) |

नेपाल सरकारबाट जारी स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीयतहको योजनातथा बजेट तर्जुमादिग्दर्शन-२०७४, नेपाल सरकारबाट विभिन्न मितीमा जारी गरिएका नीति, निर्देशन, मार्गदर्शन, यस गाँउपालिकाबाट जारी भएका विभिन्न नियमावली, आचारसंहिता,कार्यविधीको परिधिभित्र रही राजश्व परामर्श समिती, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती, बजेट तथाकार्यक्रमतर्जुमा समिति, विभिन्न विषयगत समितिहरुको बैठकका निर्णय, गाँउकार्यपालिकाका विभिन्न मितीमा भएका निर्णय र गाँउपालिकाका अध्यक्षज्युको निर्देशन र मार्गदर्शनको अधिनमा रहि नेपालको संविधान, प्रचलित ऐन कानुनको अनुसरण गर्दै टोल वस्ती स्तरबाट छनौट भै वँडा समतिबाट प्राथमिकिकरण गरेर ल्याईएका योजना कार्यक्रमहरुलाई समेत मध्यनजर गर्दै यस टेम्केमैयुङ गाउँपालिकाको आ.व.२०८१/८२को नीतितथाकार्यक्रम सहित बजेट निर्माण गरिएको छ ।

## लक्ष्य तथा उद्देश्यः

टेम्केमैयुङ गाँउपालिकाको तिब्र आर्थिक विकास गर्नु र समृद्धि हासिल गर्नु आजको हाम्रो आवश्यकताहो । कृषि, पर्यटन तथा सांस्कृतिक पूर्वाधार, टेम्केमैयुङ विकासको आधार भन्ने मुल नाराका साथस्वाधिन,आत्मनिर्भर तथास्वचालित अर्थतन्त्र निर्माण गर्ने र दीगो तथा फराकिलो आर्थिक वृद्धि हासिलगर्दै सामाजिकन्याय सहितको समृद्ध गाउँपालिका वनाउने हाम्रो प्रस्थानविन्दु हो । यति मात्र नभई टेम्केमैयुङ गाउँपालिका सहित नेपाल सरकारको "सुखी नेपाली, समृद्ध नेपाल"भन्ने नारालाई सार्थक बनाउन र मुलुकको समृद्धिमा योगदान पुर्याई समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्याउनु हाम्रो लक्ष्य हो ।

टेम्केमैयुङ गाँउपालिकालाई पूर्वाधार विकास अन्तर्गतका सडक तथा विद्युत पश्चात कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापार, खेलकुद लगायतका माध्यमवाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सम्पन्न, वातावरणीय दृष्टिले स्वच्छ, शहरी सुविधा सम्पन्न एवं गाउँपालिका भित्र रहेका सवै श्रोत साधनहरुलाई अधिकतम संचालन गर्दै व्यवस्थित र नमूना समृद्ध गाउँपालिका निर्माण गर्ने लक्ष्य रहेको छ ।प्राकृतिक विपत्ति (वाढिपहिरो,चटयाङ) लगायत आगामी दिनमा हुन सक्ने यस्ता खाले समस्याहरुको सम्भावनालाई समयमा नै हल गदै सबै गाउँपालिका वासिलाई निर्माण, उत्पादन र रोजगारसँग जोडि अन्तरनिर्भर र सुखि-सम्पन्न वनाउनु हाम्रो उद्धेश्य हो ।

उल्लिखित दीर्घकालीन सोंच, लक्ष्यतथा उद्देश्य सहित यस गाँउपालिकाले आ.व. २०८१/८२मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

यस गाउँपालिकाबाट चालु आ.व. तथा आगामी आ.व. को लागि लिइएका नीतिहरु देहाय अनुसार हुनेछ;

## १. सार्वजनिक सेवा तथा क्षमता विकास

### क) सामान्य प्रशासन तथा व्यवस्थापन

- गाउँपालिकाको संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकासमा जोड दिइनेछ। जसको लागि क्षमता विकास र उत्प्रेरणाको लागि कार्य सम्पादनको आधारमा फिल्ड भत्ताको साथै प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन कडाईका साथ लागु गरिनेछ ।
- गाउँपालिका लगायत सवै सेवा केन्द्रहरुमा सेवाग्राहीहरुलाई सरल र सहज सेवा प्रवाह गर्नको लागि गत आ.व. मा स्विकृत ओ एण्ड एम अनुसार पूर्ण दरवन्दिको व्यवस्था गरिनेछ साथै खाली दरवन्दीमा प्रदेश लोक सेवा आयोगसँग माग गरि परिपूर्ण गरिनेछ।
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गाउँपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्वाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेख राखिनेछ ।
- गाउँपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख गरिनेछ ।
- गाउँपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गरिनेछ ।
- मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनमा जोड दिइनेछ ।
- व्यक्तिर समुदाय बीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन गरिनेछ ।
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापनगर्नको लागि साथै उक्त समिति, उपसमिति तथा कार्यदलको क्षमता विकासको लागि क्षमता विकास कार्यक्रम गरिनेछ ।
- लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत)को अभिलेख व्यवस्थापन गरिनेछ साथै भएको वेरुजुलाई सम्परिक्षण गर्ने कार्यलाई महत्व दिइनेछ र आगामी दिनमा त्यस्ता बेरुजुहरु नआउनका लागि कर्मचारी लगायत पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको आफ्नै वेभ साइट, को माध्यमवाट गाउँपालिकाका महत्वपूर्ण ऐन(राजपत्रमा प्रकाशित),सूचना, सन्देश तथा निर्णयहरु सार्वजनिककरण र शेयर गरिनेछ ।
- आधुनिक प्रविधि मार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन विद्युतिय प्रणालीमा लगिएको छ। यसको लागि प्रविधिको प्रयोग तथा व्यवस्थापनमा आवश्यक तालिमको प्रवन्ध मिलाइनेछ साथै प्रविधिमैत्री पालिका निर्माण गरी राजस्व चुहावट निर्मुल पार्न राजस्व सफ्टवेयरको प्रयोगलाई अनिवार्य गरिएको छ तथा योजना प्रणालीलाई छिटो छरितो र पारदर्शी सेवा प्रवाह गर्न प्रविधिमैत्री वनाइनेछ ।

ख) योजना तर्जुमा, कार्ययोजना तयारी, उपभोक्ता समिति परिचालन

- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिवृद्धिका कार्यक्रमतर्जुमा र कार्यान्वयन गरिनेछ ।
- विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकनलाई निरन्तरता दिइनेछ ।
- उपभोक्ता समितिको क्षमता विकास र जागरुकताको लागि तालिम तथा अनुशिक्षणको कार्यलाई निरन्तरतादिईनेछ ।

ग) अनुगमन तथा मूल्यांकन

- विकास आयोजनाको अनुगमन, प्रगति तथा प्रतिफलको समीक्षा आवधिक रुपमा गरिनेछ ।
- विकास योजनाको अनुगमनलाई सुरु मूल्याङ्कन, चालू मूल्याङ्कन र अन्तिम मूल्याङ्कन गरि तिन चरणमा गर्ने व्यवस्था गरिनेछ ।
- ठूला आयोजनाका हकमा अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन सकेसम्म आफ्नै जनशक्तिबाट नहुने अवस्थामा परामर्श सेवाबाट सेवा करार गरि गरिनेछ ।
- अनुगमन तथा मूल्याङ्कनलाई वस्तुपरक वनाउन वडास्तरीय तथा पालिकास्तरीय अनुगमन समितिलाई क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

ङ) कानुन तथा न्याय

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-८ न्यायिक कार्य सम्बन्धी व्यवस्था अनुसार मुद्धाको निर्णय र मेलमिलाप गराईनेछ।
- हरेक वडामा मेलमिलाप केन्द्र एवम मेलमिलाप कर्ता रहिसके ो मा यसलाई थप सुदृढिकरण गरिनेछ।
- थप कानुनी सहजताको लागि गाउँपालिकामा कानुनी सल्लाहकार राख्ने व्यवस्था गरिनेछ ।
- न्यायिक समितिको क्षमता विकासको लागि विभिन्न पालिका गई अवलोकन गर्ने तथा तालिमको प्रवन्ध गरिनेछ ।
- न्यायिक कार्य गर्नेको लागि गोप्य तथा सुरक्षित न्यायिक कक्षको निर्माण गरिनेछ ।

२. पूर्वाधार विकास

क) सडक तथायातायात

- यस गाउँपालिकाका ९ वटै वडाहरुलाई केन्द्रसम्म जोड्ने नीतिअनुरुप तिम्माको तीनभंगाल देखि लेखर्कको कपासे जोड्ने सडक स्तरोन्नती एवं ग्राभेल गर्ने सम्मको कामप्रमुख प्राथमिकतामा राखिनेछ ।त्यस्तै ६ नं. वडाको गुम्बादेखि कोट गोगने पाँचधारे सडकलाई पनि दोश्रो प्राथमिकताका साथ स्तरउन्नती र ग्राभेल गरिनेछ ।यसका लागि स्थानीय सरकारसगं पर्याप्त बजेट नभएकाले प्रदेश तथा

सघींय सरकारसगं साझेदारी तथा समन्वय गर्न विशेष पहल गरिनेछ।

- गाउँपालिकाको सडक गुरुयोजना अनुरुप अन्य महत्वको सडकहरुलाई पनि आगामी आ.ब.भित्र स्तरउन्नती गरिनेछ।
- स्तरउन्नती तथा ग्राभेल गरिसकिएका गाउँ सडक संरक्षणको नीति बनाइनेछ र उक्त सडकहरुलाइ हेर विचार तथा सुरक्षाको लागि आवश्यक संख्यामा सडक हेरालुहरुको प्रवन्ध गर्न आवश्यक जनशक्ति र बजेटको व्यवस्थापन गरिनेछ।
- सडकहरुको नियमित मर्मत संभार तथा सुरक्षाको लागि कोष खडा गरिने र आवश्यक कार्यविधि बनाई संचालन गरिनेछ।
- ग्राभेल तथा स्तरउन्नती गरिसकिएका सडकहरुमा साइनवोर्ड र साइनेजहरुको व्यवस्थागरिनेछ ।
- सडक अधिकार क्षेत्र, सार्वजनिक क्षेत्र मिचेर घर, टहरा तथा भौतिक संरचना बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्वन्धी गाउँपालिका यातायात गुरुयोजना निर्माणको लागि आवश्यक कार्य गरिनेछ ।
- उचित स्थानमा बसपार्क व्यवस्थापनको लागि पूर्वाधार निर्माण गरिदै लगिनेछ ।
- यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन दिइनेछ ।
- निजी यातायात नियमन व्यवस्थापनको लागि मापदण्ड निर्माण गरिनेछ ।
- मुख्य सडक हरुलाई हरित सडकका रुपमा विकास गरिँदै लगिनेछ।

ख) उर्जा

- साना जलविद्युत आयोजना, नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमनगरिनेछ ।
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन गरिनेछ ।
- बजार क्षेत्र तथा सार्वजनिक स्थानहरुमा सौर्य बत्ती र सडक बत्तीको व्यवस्था गरिदै लगिनेछ ।

ग) भवन संहिता, निर्माण इजाजत (डिजाइन समेत)एवं शहरी विकास

- भवन निर्माण इजाजत, भवन संहिता २०७२ लाई कार्यान्वयनमा जोड दिइनेछ ।
- भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन गरिनेछ ।
- गाउँपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- योजनाबद्ध र व्यवस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकामा सडक क्षेत्राधिकार भित्र तथा अव्यवस्थित रुपमाभवन, घर, टहरा बनाउन नदिन मालपोत र नापी कार्यालयसंग आवश्यक समन्वय गरिनेछ ।
- जग्गा वर्गिकरण कार्यलाई नापी कार्यलयसगँ आवश्यक समन्दय गरी पूर्णता दिईनेछ।
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकिकरण तथा जग्गा विकास र व्यवस्थापन गरिनेछ ।
- भौगोलिक रुपले सुरक्षित, पायक पर्ने र जोखिममुक्त स्थानहरुमा वस्ती विकासको अवधारणा ल्याइने छ। सुरक्षित स्थानहरुको पहिचान गरी त्यस्ता स्थानहरुमा शिक्षा, स्वास्थ्य, निर्माण, उत्पादन र

रोजगारीका अवसर सहितको आधुनिक सुरक्षित वस्तीको विकासको अवधारणाल्याइने छ।

- आधुनिक सुरक्षित वस्ती एवं शहरीकरणको विकाससँगै फोहरमैला व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण, ढल निर्माण, खानेपानी व्यवस्थापन र जोखिम न्यूनीकरणको कार्य गरिनेछ ।

## घ) विज्ञान प्रविधि, सूचना तथा संचार

- अभिलेख व्यवस्थापनमा नवीनतम तथा आधुनिक सूचना प्रविधिको प्रयोग गरिदै लगिएको छ।
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्वन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- सर्वसाधारण जनतालाई सहज र सरल सूचना पहुँचको लागि सबै सेवा केन्द्रहरुमा अनिवार्य नागरिक वडापत्र (Citizen Chartared) को व्यवस्था गरिनेछ ।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन गरिदै लगिनेछ ।
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण हरु सार्वजनिकिकरण गरिदै लगिनेछ ।
- गाउँपालिकाको कार्यहरुलाई आवधिक रुपमा स्वत:प्रकाशन गर्ने कार्यलाई प्रविधिमैत्री बनाइनेछ ।
- गाउँपालिका भित्रका सबै सेवा केन्द्रहरुमा इन्टरनेटको पहुँच सहित विद्युतिय माध्यमबाट प्रतिवेदन (Online Reporting) को व्यवस्था गरिनेछ ।
- सरकारी निकायहरुले प्रयोगमा ल्याएको एप्सहरुलाई प्रयोगमा ल्याई सेवा प्रवाहलाई सहज र प्रविधिमैत्री बनाइनेछ ।

## ३. आर्थिक विकास

### क) कृषि

- मानिसको जीवन कृषिमा निर्भर रहेको हुनाले कृषि क्षेत्रमा प्राथमिकताका साथ उत्पादनमा जोड दिई लगानी गरिनेछ ।
- मानिसको आय र रोजगारसँग जोडिने गरी आधुनिक कृषिमा आधारित व्यवसायिक नगदे बाली, तरकारी, फलफुलखेती तथा पशुपालन व्यवसायमा जोड दिइनेछ ।
- कृषि पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- किसान सूचिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनसँग जोड्न कृषिमा आधारित बनाइनेछ ।
- कृषिबजार तथा हाटबजारको पूर्वाधार निर्माणका लागिगाउँपालिका तथा ९ वटै वडा तहमापूर्वाधार निर्माण र हाटबजारलाई व्यवस्थित गरिनेछ।
- सानासिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्रीआपूर्ति र कृषक क्षमताविकास कार्यक्रमको सञ्चालन गरिनेछ ।
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, सीप विकास र सशक्तीकरणमाजोडदिईनेछ।
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनागरिनेछ ।

- पशुपालनलाई मध्यनजर गर्दै पोशिलो घाँसको स्रोत केन्द्रको स्थापना गरिएको छ र यसलाई अझै व्यवश्थित गर्दै लगिनेछ।
- कृषकहरुलाई माटोको प्रकार, गुणस्तर र हावापानी अनुकुलन खेती गर्न र उचितमल, बीउ, बिसादीप्रयोग गर्न प्राविधिक सेवाप्रदानगरिनेछ।
- कृषकहरुलाई शुरुवातमाएउटा टोलक्षेत्र वापकेट समेटिने गरी एकै प्रकारका खेतीबाली लगाउन प्रोहत्सान गरिनेछ ।
- कृषि उत्पादनका लागि आवश्यक सडक, विद्युत, सिंचाई, संकलन तथा बिक्री केन्द्रहरु जस्ता पूर्वाधारको निर्माण गरिनेछ र वजारीकरणमा आवश्यक पहल गरिनेछ ।
- स्थानीयउत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिवी न्यूनीकरण गर्न स्थानीय सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गरिनेछ ।

ख)वन तथा जलश्रोत

- सामुदायिक, ग्रामीण तथाशहरी, धार्मिक, कवुलियतीवनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमनगर्न पहल गरिनेछ।
- वन उपभोक्ता समूहको व्यवस्थापन गरिनेछ।
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कवुलियती वनको व्यवस्थापनमा जोड दिइनेछ।
- नदी किनार, नदी उकास,नहर किनार तथा सडक किनारमा वृक्षारोपण गरिनेछ।
- निजी तथा व्यवसायिक वनको प्रवर्द्धन र नियमनमा जोड दिइनेछ।
- लोपन्मुख प्रजातिका रुपमा रहेको रेड पाण्डा बसोस्थानका लागि पर्यावरणीय रुपमा सन्तुलित रहेकोले यसको संरक्षणमा जोड दिइनेछ।
- जैविक विविधता लगायत गुरांस प्रजाति र सुनाखरीको संरक्षणमा जोड दिइनेछ।
- सार्वजनिक खाली जग्गा, पाखा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गरिनेछ।
- जडीबुटी तथा अन्य गैर काष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन गरिनेछ।
- नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण गर्न आवश्यक प्रवन्ध मिलाइनेछ । वृक्षारोपण र प्रवर्द्धनको लागि वन कार्यालय सँग आवश्यक समन्वय गरिनेछ ।
- वन्यजन्तु विशेषगरि बाँदर बाट स्थानीय समुदायमा पर्ने प्रभावको रोकथाम प्राथमिकताका साथ कार्य गरिनेछ ।
- आयआर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रवर्द्धन, व्यवस्थापन गरिनेछ ।
- पालिकास्तरीय कृषि सहकारी गठन गरिएको र सो सहकारी मार्फत पालिका भित्रको उत्पादन गरिएको वस्तुलाई बजारिकरण गर्नलाई प्रोत्साहित गरिनेछ।

ग) उद्योग

- लघु, घरेलु तथा सानाउद्योगको विकास र प्रवर्द्धन गर्न पहल गरिनेछ।
- खानीतथा खनिजढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्वन्धीदर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गरिनेछ।
- खानी तथा खनिजपदार्थ सम्वन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन र व्यवस्थापन गरिनेछ ।

ख) राजश्व प्रशासन सम्बन्धमा

- सम्पत्ति कर, घरवहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, वहाल विटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन, अन्य आय व्यवस्थापन सम्वन्धमा आवस्यक अध्ययन अनुसन्धान गरिदै लगिनेछ।
- सम्पती कर/मालपोत कर प्रणाली कार्यान्वयनका लागि गरी टोल वस्ती संगठनहरुको गठन गरी यसको कार्यविधि तथा मापदण्डहरुको वारेमा तालिम, अध्ययन, अवलोकन भ्रमणवाट प्राप्त प्रतिवेदनको आधारमा प्रत्येक टोल वस्तीहरुमा गोष्ठिहरु संचालन गर्दै एकिकृत सम्पती कर प्रणाली लागु गरिनेछ ।
- कानुन बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्ले जस्ता खानी खनीजपदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्वन्धी रोयल्टी, सामुदायिक वनको सञ्चालन र व्यवस्थापनवाट प्राप्त रोयल्टी, पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन सम्वन्धमा विस्तृत अध्ययन अनुसन्धानको लागि राजश्व समिति अनतर्गत आवश्यकता अनुसार अन्य उपसमितिहरु गठन गरिनेछ।
- प्रचलित कानुन बमोजिमका दण्ड जरिवाना तथा बाँकी बक्यौता रकमको अद्यावधिक लगत राखि असुल उपर हुन बाँकी बक्यौता कडाइका साथ असुल उपर गरिनेछ।
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक कार्य निरन्तर रुपमा संचालन गरिनेछ।
- संकलित वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँड गरिनेछ।
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन गरिनेछ।
- स्थानीय स्तरमा उद्यमी तथा व्यापारीहरुको छाता संगठनलाई स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन गरिनेछ।
- राजश्वको सम्भाव्यता अध्ययनलाई नियमित गरिनेछ।
- राजश्व तथा व्ययको अनुमान, बजेट सीमा निर्धारण, बजेट तर्जूमा, कार्यान्वयन र नियमनप्रक्रृयालाई व्यवहारिक तथापारदर्शिपूर्ण बनाइदै लगिनेछ।
- वेरुजु शून्य राख्न सवै वडा कार्यालयहरुलाई बढी जिम्मेवार बनाइनेछ रवेरुजु शून्य राख्ने वडा कार्यालयहरुलाई प्रोहत्सान स्वरुप थप कार्यक्रमहरु दिइनेछ।

ग)पर्यटन

- नेपाल सरकारले प्रमुख १००औं पर्यटकीय गन्तव्यभित्र सूचीकृत गरेको पर्यटकीय पदमार्ग "मुन्दुमट्रेल"को विकास र प्रवर्द्धनको लागिप्राथमिकताका साथ लगानी गरिनेछ।
- पर्यटकीय पदमार्ग "मुन्दुम ट्रेल" क्षेत्रमा व्यवस्थित गर्न होमस्टे, गोठस्टे, विस्रामस्थल, , सूचना पाटी, शौचालय, खानेपानी लगायत आवश्यक पूर्वाधार तयार गरिनेछ।
- मुन्दुम पदमार्ग क्षेत्रलाई संरक्षित क्षेत्रको रुपमा घोषणा गरी लोपन्मुख जिवजन्तु रेड पान्डा लगायत जैविक विविधताको अध्धयन, अनुसन्धान केन्द्रको रुपमा विकास गरिदै लगिनेछ।
- टेम्केमैयुङ गाउँपालिका भित्र रहेका सम्पूर्ण पर्यटकीय स्थलको जानकारी दिन हाल निर्मित पर्यटन सुचना केन्द्रलाई सञ्चालनमा ल्याइने छ।
- गाउँपालिका भित्ररहेका ऐतिहासिक, धार्मिक सांस्कृतिक एवं पर्यटकीय महत्वकाप्राकृतिक सम्पदा तथा पूर्वाधारहरुको पहिचान र व्यवस्थितगर्दै पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ।
- गाउँपालिकामा पर्यटकहरुलाई आकर्षित गर्नको लागि पहुचं(Access), आकर्षण(Attraction), सत्कारयुक्त(Accomodation) सहितको पूर्वाधार विकास गरिनेछ सांथै गाउँपालिकामा Home Stay संचालन, दर्ता सम्बन्धि तालिम, प्रोहत्सान तथा अध्ययन अवलोकन भ्रमणको समेत व्यवस्था गर्रिदै लगिनेछ।
- मुन्दुम पदमाग आसपासमा सरसफाईमा ध्यान दिँदै प्लाष्टिक तथा सिसा जन्य वस्तुहरुको प्रयोगमा निषेध गरिनेछ।
- "मुन्दुमट्रेल"पदमार्गको थप विकास र प्रवर्द्धनमा लागि संघीय तथा प्रदेश सरकारसगँ समन्वयको लागि पहल गरिनेछ।
- टेम्के, मैयुङ, महभिर झरना, सावाँ झरना, हाँसपोखरी, सेल्मे, कपासे, हलहले क्षेत्र तथा पाचधारे पोखरीलाई पर्यटनको लागी लगानी र सम्वर्द्धन गरिनेछ।

## घ. धार्मिक तथा संस्कृती सम्पदा एवम् ललितकला

- गाउँपालिकामा स्थानीय सवै धर्म, परम्परा र मौलिक संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गरिने छ।
- भाषा, संस्कृति एवं परम्परागत रुपमा चलिआएका जात्रा,पर्व, ललितकलाको सञ्चालन, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ।
- पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

## ४. सामाजिक विकास

### क) आधारभूत तथा माध्यमिक शिक्षा

- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको कार्यलाई प्राथमिकताको साथ निरन्तरता दिइनेछ।
- पालिकाभित्र एक स्नातक तहसम्मको पठनपाठन गर्नका लागि पहल गरिनेछ।
- कक्षा एक देखि कक्षा आठसम्मको पाठ्यक्रम तयार भई हाल कक्षा एक देखि कक्षा तिनसम्म स्थानीय पाठ्यपुस्तक लागु गरिसकिएकोमा चालु आर्थिक वर्षमा कक्षा आठसम्म लागु गरिनेछ।
- उत्कृष्ट विद्वालय तथा विद्यार्थीहरु लाइ प्रोत्साहन र पुरस्कारका व्यवस्था गरिनेछ.।।
- पुस्तकालय एवं पत्रपत्रिका सुचनाप्रविधि मैत्रीवनाउन सवै मा.वि., आ.वि.हरुमा Internet सेवा पुऱ्याइनेछ।
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापनमा जोड दिइनेछ।
- सबै वर्ग र तहका बालवालिकाहरुका लागि सरल, सुलभ शिक्षाको अनिवार्य व्यवस्था गरिनेछ।
- विद्यार्थीहरुको अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासको संभावनालाई उजागार गर्न विभिन्न विधामा प्रतिभा पहिचान कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघसँग समय समयमा अन्तर्किया गर्दै शिक्षामा गुणस्तर कायम गरिनेछ।
- राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगितालाई प्रमुख खेलकुद प्रतियोगिताको रुपमा संचालन गरिनेछ।

### ख) खेलकुद

- गाउँपालिका स्तरीय खेलकुदतथा वडा स्तरीय खेलकुद मैदानको लागिउपयुक्त स्थानमा जग्गा व्यवस्थापन र खेलकुद मैदान निर्माण गरिदै लगिनेछ।
- खेलकूदको विकास र प्रवर्द्धनको लागि अनुशासित खेलाडी उत्पादनमा जोड दिइनेछ।
- वर्षको कम्तिमा १ पटक गाँउपालिका स्तरमा टेम्केमैयुङ कप लगायत विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन तथा आयोजना गरिनेछ। साथै अन्य स्थानमा संचालन हुने खेलकुद प्रतियोगिताहरुमा समेत सहभागीता गराइनेछ।
- गाउँपालिका स्तरीय खेलकुद पूर्वाधारको लागि डिपिआर तयार भएको नागी खेलकुद विकासको लागि पूर्वाधार विकास गरिनेछ।
- हाई अल्टिच्युट खेलकुद सिक्षालय (Sports academy) संघ र प्रदेश सरकार संग समन्वय गर्दै स्थापनका लागि पहल गरिनेछ।

### ग) स्वास्थ्य

- मौलिकहकको रुपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवा सबैका नागरिकको पहुँचमा पुग्नेगरी नि:शुल्क रुपमा उपलब्ध गराउदै लगिनेछ।

- आधारभूत स्वास्थ्य सेवाको पहूच पुर्याउन विपन्न जनता, गर्भवती महिला र वृद्ध वृद्धाहरुलाई एम्बुलेन्स सेवामा निश्चित छुटको व्यवस्था गरिनेछ । जसको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार, विकास तथा व्यवस्थापन गरिनेछ ।
- औषधिजन्य, वनस्पति, जटीबुटी र अन्यऔषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण गरिनेछ ।
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन गरिनेछ ।
- विभिन्न रोगहरुको निराकरण गर्न आवश्यकता अनुसार उपयुक्त स्थानहरुमा उपचार केन्द्रहरुको स्थापना गरिनेछ ।

### ग) खानेपानी तथा सरसफाई

- सार्वजनिक स्थलमा पिउने पानीको व्यवस्था गरिनेछ ।
- स्वच्छ खानेपानीको लागि एक घर एक धाराको व्यवस्था क्रमस गर्दै लगिनेछ ।
- खानेपानी मुलमुहान मर्मत, संरक्षण र व्यवस्थापन एवम सचेतनाको लागि प्रमुख प्राथमिकताका साथ कार्य गरिनेछ ।
- गाउँपालिकामा संचालित मुख्य खानेपानी आयोजनाहरुका उपभोक्ताहरुले नै अनिवार्य संरक्षण तथा मर्मत सहित व्यवस्थित रुपले उपभोग गर्न नीति बनाइ कार्यान्वयन गरिनेछ ।
- सबै नागरिकलाई सरसफाई सचेतनाको अभिवृद्धि गरिनेछ ।
- गाउँपालिका भित्र सिसा र प्लास्टिक जन्य वस्तुहरुको प्रयोगको कारण वातावरण प्रदुश्रण वढीरहेकोले त्यस्ता वस्तुहरुको प्रयोगमा न्यूनीकरणको लागि अभियान शुरु गरिनेछ ।
- तत्काल सिसा तथा प्लास्टिक जन्य वस्तुहरुलाई व्यवस्थित गर्न गाउँपालिका लगायत सबै वडाहरुको पायक पर्ने स्थानमा फोहरमैला व्यवस्थापनको लागि Land Fill Site निर्माण गरिनेछ ।साथै उक्त सिसा तथा प्लास्टिक जन्य वस्तुहरुलाई पुनःप्रयोग (Recycle) गर्न निकासीको लागि सम्बन्धित पक्षहरुसँग समन्वय गरिनेछ ।

### घ) लैंगिक समानता

- एकल, द्वन्द पीडित तथा विपन्न महिलाहरुको आर्थिक पहुँचको लागि अक्षयकोष व्यवस्थापन गर्दै लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिकरुपले पछाडि परेका वर्गलाई क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरुमा पहिलो प्राथमिकता दिइनेछ ।
- लैंगिक हिंसात्मक व्यवहारलाई निरुत्साहन गरिनेछ ।
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण एवम् क्षमता विकास गरिनेछ ।
- लैंगिक हिंसा निर्मुल गर्न र निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र

पुनःस्थापनाको कार्यक्रम गरिनेछ।

- लैंगिक उत्तरदायी बजेटको व्यवस्था गरिनेछ।

ङ) बालबालिका

- बालबालिकाको हकहीतको संरक्षण गरिनेछ।
- बालमैत्री शासकीय प्रवन्ध, बालक्लव, बाल संरक्षण समिति तथा बाल सञ्जाललाई व्यावस्थित गरिनेछ।
- असहायबालबालिका र सडक बालबालिकाहरुलाई उचित व्यवस्थापन गरिनेछ।
- बाल हिंसा नियन्त्रण गर्न बालबालिका तथा किशोरकिशारीलाई सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- बालविबाह न्यूनिकरण गराउन विभिन्न विसंगतीबाट टाढा रहन सचेतीकरणको कार्यलाई जोड दिईनेछ।

च) ज्येष्ठ नागरिक

- जेष्ठ नागरिकको सुरक्षा-संरक्षण, सम्मान र निजहरुमा रहेको ज्ञान, शीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने र उनीहरुको मानवोचित जीवनयापनमा सहयोग गर्ने कार्यलाई उच्च महत्व दिइनेछ।
- जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्वन्धी कार्यलाई जोड दिइनेछ।
- ज्येष्ठ नागरिकको सम्मानमा विषेश ध्यान दिइनेछ।
- ज्येष्ठ नागरिकको बीच आपसी सदभाव कायम गर्न प्रतिक्षालय तथा मनोरञ्जनात्मक क्रियाकलापहरुमा विशेष ध्यान दिइनेछ।

छ) अपाङ्गता

- गाउँपालिकाभित्र रहेका सबै खाले अपाङ्गता भएका व्यक्तिहरुको पहिचान र वर्गीकरण गरी लगत राखिनेछ।
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गरिनेछ।
- अपाङ्गतामैत्री पूर्वाधार निर्माण तथा सञ्चालन गरिनेछ।
- अपाङ्गता भएका तथा असहाय विद्यार्थीहरुलाइ शिक्षा तथा स्वास्थ्यका लागि आवश्यक सहयोग र पहलगरिनेछ।
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य गरिनेछ।

ज) महिला

- एकल महिलाको जिविकोपार्जन, आत्मनिर्भर बनाउनका लागि विभिन्न व्यवसायिक सिपमूलक तालिमको

प्रवन्ध गरिनेछ।

- महिलाहरुलाई आयआर्जन मुलक र आधुनिक कृषि व्यवसायमा लाग्न शीपमुलक तालिमको व्यवस्था गरिनेछ ।

क) गरिबी निवारण

- “वस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७” लाई पारित र कार्यान्वयन गरिनेछ ।
- विपन्न वा गरीब परिवारको आगामी २ वर्षभित्रघरको फुसको छाना विस्तापित गरिनेछ ।
- भूमीहीन तथा सुकुम्वासिहरुको लागि आवश्यक कार्यक्रम बनाइनेछ ।

ख) विपदव्यवस्थापन

- प्राकृतिक विपदहरुलाई मध्यनजर गर्दै सम्भावित जोखिम न्यूनीकरण गर्न जनचेतनाको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जोखिमजन्य स्थान हरुको पहिचान गरि उपयुक्त स्थानमा स्थानान्तरण गरिनेछ।
- विपदको समयमा अस्थायी आवासको रुपमा प्रयोग गर्न सकिने खालका सबै वडाको उपयुक्त खुल्ला स्थान र सामुदायिक भवनहरु व्यवास्थापन गरिनेछ ।